**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ सँग सम्वन्धित आ.व. २०८०/८१ को दोस्रो त्रैमासिक विवरण**

**१. बित्तीय बिवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी बिवरण :

यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वितिय अनुपातहरु

| | | | |
|---|---|---|---|
| प्रति शेयर बजार मुल्य | रु २०३ | मुल्य आम्दानी अनुपात | १४.६५ |
| प्रति शेयर नेटवर्थ | रु १४५ | कुल सम्पतिमा प्रतिफल (वार्षिक) | ०.८४% |
| तरलता अनुपात | २६.३७% | | |

**२. व्यवस्थापकिय बिश्लेषण** :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धि विवरणः

संस्थाको मजबूत जोखिम न्यूनिकरणका उपायहरुका कारण बैंकको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :

बैंकको संचालन खर्चमा हुदै गएको बृद्धिलाई नियन्त्रण गर्दै बैंकले दीर्घकालिन व्यावसायिक योजना अनुरुप आगामी अवधिमा पनि गुणस्तरिय कर्जा प्रवाह, खुद व्याज आम्दानीमा बृद्धि गरी बैंकका सेवाग्राही ग्राहकवर्ग तथा बैंकका शेयरधनीहरु लगायत सम्बद्ध सम्पूर्ण पक्षको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) बिगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्वन्धि बिश्लेषणात्मक विवरण :

हाल सम्मको अनुभवमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना नभएको ।

**३. कानूनी कार्यवाहि सम्वन्धि विवरण** :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोवारको सिलसिलामा दायर भएको मुद्दा वाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

यस सम्बन्धमा कुनै जानकारी नरहेको ।

(ग) कुनै संचालक वा संस्थापक बिरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भएः

यस सम्बन्धमा कुनै जानकारी नरहेको ।

**४. बैंकको शेयर कारोवार सम्वन्धि विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्वन्धमा कुनै बिशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रु. २१८.४ | शेयरको न्युनतम मुल्य | : रु. १७९ |
| शेयरको अन्तिम मूल्य | : रु. २०३ | शेयर कारोवार भएको कुल दिन | : ४९ |
| कारोवार संख्या | : ९७३४ | कुल कारोबार शेयर संख्या | : ३,०५४,३७७ |

**५. समस्या तथा चुनौती :**

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित सस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्वन्धि विवरण :

**(क) आन्तरिक समस्या तथा चुनौती :**

- शाखा विस्तार तथा मुद्रास्फितिको कारणले संचालन खर्चमा हुने बृद्धि ।
- बैंकबाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पूँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैढ्ढकोषीय सेवाहरु उपलब्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरु ।
- बैंकको आधारभूत संरचना एवं प्राविधिक विकासमा हुन सक्ने खर्च र त्यसको व्यवस्थापनमा हुन सक्ने जोखिम ।
- सम्पत्ति शुद्धीकरण निवारणसँग गाँसिने बैंकका आन्तरिक नियम र नियन्त्रण प्रक्रियामा निहित जोखिम ।
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तन बाट असर पर्ने जोखिमहरु ।
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरु ।
- बैंकले प्रयोगमा ल्याएको Finacle (Core Banking Software) मा तकनिकी गडबडीले हुन सक्ने जोखिम ।
- मुख्य कर्मचारीहरुले छोड्दा हुन सक्ने जोखिम ।

**(ख) बाह्य समस्या तथा चुनौती :**

- नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले जारी गर्ने नीति, निर्देशन तथा कानुनहरूमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- सिमित लगानी क्षेत्र र बैंक तथा वित्तीय संस्था बीच भएको तीव्र प्रतिस्पर्धा ।
- विदेशी प्रविधिको परिवर्तन अनुरुप बैंकको गतिशिल परिवर्तन हुन नसक्ने सम्भावना ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट उत्पन्न हुन सक्ने जोखिमहरू ।
- तरलता अभावले बैंकिङ्ग प्रणालीमा पर्न सक्ने क्थकतभ्रष्अ च्ष्कप जोखिमहरु ।
- रुस-युक्रेन युद्धको द्वन्द्वका कारण भएको मुद्रास्फीतीको फलस्वरुप समग्र विश्वका अर्थतन्त्रमा मन्दिको खतराबाट उत्पन्न हुन सक्ने जोखिमहरू ।
- मुद्रा बजारमा ऐतिहासिक रुपमा डलरको मुल्यमा आएको वृद्धिका कारण आयात महंगो भई वैदेशिक मुद्रास्फीतीको दवाबबाट उत्पन्न हुन सक्ने जोखिम र बिदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तनको चुनौती ।

- मूल्य एवम् व्याजदर जस्ता परिसूचकहरुमा आउने उतारचढावका कारण सिर्जना हुन सक्ने मूलभूत बजार जोखिम ।
- व्याजदर सम्बन्धी उतारचढाववाट सिर्जना हुने जोखिम ।

**(ग) रणनीति :**

- ग्राहकसँगको सम्बन्ध व्यवस्थापन गर्न भिन्न एवं विविध प्रकारका उत्कृष्ट एवं गुणस्तरीय सेवा उपलब्ध गराउन विभिन्न कार्य अघि बढाइएका उपलब्ध गराउन विभिन्न कार्य अघि बढाइएको ।
- समय सापेक्ष रुपमा डिजिटल बैंकिङ्गका विभिन्न सेवा सुविधाहरु वृद्धि तथा सेवालाई थप गुणस्तरीय बनाईएको । "SMART BANK" भन्ने नारामा अधारित भैइ अगाडि बढेको ।
- लागत कटौती तथा लागत नियन्त्रणका उपायहरु अवलम्बन गरिएको ।
- कर्जा  तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको ।
- बैंकको नीति नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त राखिएको ।
- भविष्यमा हुन सक्ने जोखिम बाट बच्न कर्मचारीहरुलाई आवश्यक तालिम दिने गरिएको ।
- बैंकको Banking Software मा हुन सक्ने प्राविधिक गडबडीबाट बच्न आवश्यक द्यबअप( गउ राख्ने गरिएको ।
- विनिमय दरमा हुने परिबर्तन वाट हुन सक्ने जोखिम वाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गरिएको ।
- बैंकको संगठनात्मक संरचनामा परिबर्तन गरी बढी प्रभावकारी बनाइएको तथा केहि मुख्य कर्मचारीले छोड्दा पनि बैंक नियमित रुपमा सेवा प्रदान गर्न सक्षम रहने ।

## ६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्वन्धी विवरण :

- नेपाल राष्ट्र बैंकवाट जारी गरिएको संस्थागत सुशासन सम्वन्धी निर्देशि**न**को पालना गर्नुका साथै बैंकका शेयरधनीहरु प्रति बैंक संचालक समिति पूर्ण रुपमा जवाफदेहि र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरीक्षण समितिले संस्थागत सुशासन सम्वन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरुको अनुपालना आदि वारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।
- बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

## ७. सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।